# नेपाल तनहुँ जलविद्युत आयोजना (नेपाल)
# १३ डिसेम्बर २०२१ अनुसार
# प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनको परिशिष्ट

०६ मे २०२२

**उजुरी गोप्य** छैन :
**बाह्य वितरण**

उजुरीकर्ता र तिनीहरूका सल्लाहकारहरू
तनहुँ हाइड्रोपावर लिमिटेड
एसियाली विकास बैंक

**आन्तरिक वितरण**

महानिरीक्षक
सान्दर्भिक सेवाहरू EIB

**अस्वीकरण**
यो कागजात २० अप्रिल 2022 सम्म EIB समूह उजुरी संयन्त्रमा उपलब्ध जानकारीमा आधारित छ।
भाषा संस्करणहरू बीच भिन्नता भएको अवस्थामा, अंग्रेजी संस्करण प्रबल हुन्छ।

# 1 प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन

1.1 उजुरीकर्ताहरू, तिनीहरूका सल्लाहकारहरू र प्रवर्द्धकहरूसँगको परामर्श पछि, 13 डिसेम्बर 2021 मा प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन जारी गरि अंग्रेजी, नेपाली र मगर भाषामा प्रकाशित गरिएको थियो। EIB समूह उजुरी संयन्त्र (EIB-CM) ले उजुरी संयन्त्रमा पेश गरिएका आरोपहरूलाई सम्बोधन गर्न सम्भावित उपायहरू (अनुपालनको समीक्षा वा सह-कार्यात्मक समाधान प्रक्रिया) मा निर्णय स्थगित गर्ने निर्णय गर्यो। निर्णय स्थगित गर्न आवश्यक थियो किनभने EIB-CM लाई उपायहरूको ठोस सिफारिसमा पुग्नको लागि मध्यवर्ती क्षेत्रको दायरा र गुनासोकर्ताहरूमा यसको प्रभावको बारेमा थप जानकारी आवश्यक थियो।

1.2 EIB-CM लाई पेश गरिएका र प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनमा प्रतिबिम्बित गरिएका मुख्य आरोपहरू निम्नानुसार छन् :

1) जानकारी र सहभागिताको अभाव,
2) अपर्याप्त वातावरणीय र सामाजिक मूल्याङ्कन,
3) क्षतिपूर्तिको अभाव,
4) अपर्याप्त गुनासो निवारण संयन्त्र,
5) आदिवासी जनजातिको अधिकार (स्वतन्त्र, पूर्व र सूचित सहमति सहितको) उचित सोच विचारको अभाव र दलितहरूमा जोखिम।

# 2 हालका घटनाक्रमहरू

2.1 पछिल्ला केही महिनाहरूमा, EIB-CM ले NGO सल्लाहकारहरू, गुनासोकर्ताहरू, प्रवर्द्धकहरू र वातावरणीय तथा सामाजिक सेवा प्रदायक (ELC) सँग विभिन्न फोनकलहरू गर्दा एसियाली विकास बैंक (ADB) परियोजना टोलीसँगको सहकार्यमा थप स्पष्टीकरणहरू प्राप्त गरेको छ।

2.2 प्रवर्द्धक, तनहुँ हाइड्रोपावर लिमिटेड (THL) ले डिसेम्बर 2021 मा उजुरीकर्ताहरूलाई उनीहरूको चिन्ताबारे बुझ्न, मध्यवर्ती क्षेत्र निर्धारण गर्ने प्रक्रियाको व्याख्या गर्न, योजनाबद्ध समयतालिका निर्धारण गर्न र उनीहरूको माग र चासोहरू सुन्नको लागि भेट गर्यो।

2.3 उजुरीकर्ताहरूमा परियोजनाको प्रभावको बारेमा थप जानकारी सङ्कलन गर्नको लागि ADB परियोजना टोलीले जनवरी / फेब्रुवरी 2022 मा फिल्डको भ्रमण गरेको थियो। THL ले जवाफ दियो र उजुरीकर्ताहरूले प्रस्तुत गरेका प्रत्येक मुद्दा र मागहरूबारे आफ्नो अडानको व्याख्या गर्‍यो। कागजातको नेपाली अनुवाद हाल समीक्षाको अन्तिम चरणमा छ, र कागजात सल्लाहकार तथा स्थानीय समुदायलाई मगर, नेपाली र अंग्रेजी भाषामा उपलब्ध गराइनेछ।

2.4 यी वार्तालापहरू र सबै पक्षहरूसँग व्यक्तिगत भेटघाटहरूको परिणाम स्वरूप र ADB परियोजना टोलीको महत्त्वपूर्ण मेलमिलाप गराउने प्रयासहरूको कदर गर्दै, गुनासोकर्ताहरूको चिन्तालाई सम्बोधन गर्नको लागि विभिन्न कार्यहरूमा पहिले नै सहमति भइसकेको छ।

2.5 प्रस्तुत गरिएका उजुरीहरूको विभिन्न क्षेत्रहरूमा सम्भावित तत्काल र अल्पकालीन सुधारहरू समावेश गर्ने सहमति भएका कार्यहरूको सूची (१ हेर्नुहोस्) प्रति THL प्रतिबद्ध छ। सहमति गरिएका कार्यहरूको सूचि यस प्रकार छ :

- गुनासोकर्ता र प्रवर्द्धकका प्रतिनिधिहरूको नियमित चेक-इन (आगमन) हरूलाई व्यवस्थित गर्ने,
- सामुदायिक विकास आधारभूत सर्वेक्षण विस्तार गर्ने,
- मगर समुदायका प्रतिनिधिलाई स्थानीय परामर्श मञ्च को बैठकमा आमन्त्रित गर्ने,
- सांस्कृतिक प्रभाव मूल्याङ्कनको पद्धतिबारे खुलासा गर्ने,
- सामुदायिक पिउने पानीको पहुँच बिन्दु पुनर्स्थापना गर्ने,
- प्रभावित समुदायहरूले संस्कारगत कार्य र शव गाड्ने उद्देश्यको लागि डुबान क्षेत्रमा भ्रमण गर्ने अधिकार कायम राख्ने आश्वासन प्रदान गर्ने,
- स्थानीयहरूलाई वन व्यवस्थापन योजना र अन्य सान्दर्भिक वातावरणीय व्यवस्थापन योजनाहरूबारे जानकारी खुलासा गर्ने,
- मध्यवर्ती क्षेत्र पहिचानको लागि प्रक्रियामा नियमित स्थितिको अद्यावधिक जानकारी प्रदान गर्ने।

- अरूहरू मध्ये, मगर भाषाको सहजकर्ताको संलग्नता र अपडेटहरू उपलब्ध गराउन प्रत्येक 2 महिनामा समुदायलाई सार्वजनिक सूचना अधिकृतको नियमित भ्रमण जस्ता विभिन्न उपायहरू मार्फत गुनासोकर्ताहरू र प्रवर्द्धकका प्रतिनिधिहरूको नियमित चेक-इन (आगमन) हरूबारे जानकारी र सहभागिता प्रक्रियामा सुधार गर्ने उद्देश्य रहेको छ। उपायहरूको पूर्ण सेट परिशिष्ट १ मा देखाइएको छ।

- परियोजनाको सामाजिक मूल्याङ्कनलाई प्रमुख रूपमा आदिवासी जनजातिका मुद्दाहरू, सांस्कृतिक र प्राकृतिक स्रोतहरू र जीविकोपार्जनमा ध्यान केन्द्रित गर्दै, सांस्कृतिक प्रभाव मूल्याङ्कन गर्ने सम्झौता मार्फत सुधार हुने अपेक्षा गरिएको छ। यसबाहेक, मूल्याङ्कनमा सांस्कृतिक रूपमा उपयुक्त तरिकाले विद्यमान गुनासो निवारण संयन्त्रको पुनर्मूल्याङ्कन र पुन: डिजाइन समावेश हुनेछ। EIB-CM ले सांस्कृतिक प्रभाव मूल्याङ्कनको दायरा र पद्धतिको प्रारम्भिक मस्यौदा हेरेको छ। अप्रिल 2022 मा पद्धतिलाई अन्तिम रूप दिएपछि तयारी कार्य हाल सुरु हुने अपेक्षा गरिएको छ। साथै, THL ले उजुरीकर्ताहरूलाई विद्यमान राष्ट्रिय नियमहरूद्वारा प्रदान गरिएको नि:शुल्क बिजुली प्राप्त गर्न र उजुरीकर्ताहरूद्वारा प्रस्तुत गरिएका थप अनुरोधहरू (जस्तै सामुदायिक विकास कार्यक्रम अन्तर्गत खानेपानीको पहुँच बिन्दु र फुटब्रिजको पुनर्स्थापना) को मूल्याङ्कन गर्नको लागि सहयोग गर्ने कुरामा प्रतिबद्ध छ।

2.6 पछिल्ला केही महिनाहरूमा, EIB-CM लाई प्रारम्भिक योजना भन्दा केही ढिलाई भए तापनि मध्यवर्ती क्षेत्र निर्धारण गर्ने प्रक्रिया अघि बढिरहेको कुरा पनि थाहा हुन आएको छ। भूकम्पीय र भू-गर्भीय जोखिमहरूको प्राविधिक मूल्याङ्कन पूरा भएपछि मध्यवर्ती क्षेत्रका लागि निम्न सर्वेक्षण र मूल्याङ्कनहरू गर्नुपर्ने हुन्छ :

- प्रभावित घर परिवारको विस्तृत सामाजिक-आर्थिक सर्वेक्षण र जनगणना (विस्तृत मापन अध्ययन)
- मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना,
- पुनर्वास कार्य योजना र जीविका पुनर्स्थापना योजना।

यो कार्य कार्यान्वयन चरण पछि हुनेछ, जसमा प्रभावित जग्गाको जानकारी प्रकाशित गरिनेछ, प्रभावित व्यक्तिहरूलाई उनीहरूको क्षतिपूर्ति दाबीको बारेमा सूचित गरिनेछ, पेश गरिएको क्षतिपूर्तिका दाबीहरूको योग्यता जाँचलाई प्रमाणीकरण गरिनेछ, र परियोजनाद्वारा प्रभावित योग्य व्यक्तिहरूलाई क्षतिपूर्तिको भुक्तानी गरिनेछ।

## 3 आगामी कदम

3.1 सहमत कार्यहरूको सुची, अतिरिक्त सांस्कृतिक प्रभाव मूल्याङ्कन र माथि उल्लिखित मध्यवर्ती क्षेत्र सम्बन्धी सर्वेक्षण, कार्य र प्रक्रियाहरू (2.6 हेर्नुहोस्), निम्न आरोपहरूलाई सम्बोधन गर्ने उद्देश्यले पर्याप्त कार्यहरूमा सहमति भएको कुरा EIB-CM ले बुझेको छ :

1) जानकारी र सहभागिताको अभाव,
2) अपर्याप्त वातावरणीय र सामाजिक मूल्याङ्कन,
3) क्षतिपूर्तिको अभाव,
4) अपर्याप्त गुनासो निवारण संयन्त्र,
5) आदिवासी जनजातिको अधिकार (स्वतन्त्र, पूर्व र सूचित सहमति सहित) बारे उचित सोच विचारको अभाव र दलितहरूमा जोखिम ।

3.2 सूचना र सहभागिताको अभाव (आरोप 1) : THL ले प्रत्येक 2 महिनामा परियोजना सूचना केन्द्र (PIC) मा सार्वजनिक सूचना अधिकृत र समुदायका प्रतिनिधिहरू बीच बैठकहरू आयोजना गरेर सूचनाको प्रसार र सहभागितामा सुधार गर्न प्रतिबद्ध छ । साथै, परियोजना सूचना केन्द्रका कर्मचारीहरूले रिसिङ पाटन र जलबिरेमा बैठकहरू आयोजना गर्नेछन् र प्राप्त अद्यावधिक जानकारीहरू साझा गर्नेछन् । अद्यावधिक जानकारीहरू नेपाली भाषामा परियोजनाको सुचनापत्रको रूपमा तयार पारिनेछ जसलाई अन्य समुदाय-विशेष अद्यावधिक जानकारीहरू नियमित रूपमा थप वितरण गरिनेछ । सूचना र परामर्श प्रक्रियालाई सार्थक बनाउनको लागि सामुदायिक बैठकहरूमा जानकारीको व्याख्या पनि गरिनेछ र प्रवर्द्धकले मगर भाषाको सहजकर्तालाई संलग्न गराउनेछ ।

3.3 सामाजिक मूल्याङ्कन र आदिवासी जनजातिको अधिकार र दलितहरूको जोखिमबारे उचित सोच विचारको अभाव (आरोप 2 र 5) : एउटा सांस्कृतिक प्रभाव मूल्याङ्कनद्वारा सामाजिक मूल्याङ्कनलाई सबलीकरण गरिनेछ । यसलाई आदिवासी जनजातिको समस्याहरू ज्ञात भएका योग्य विज्ञहरूद्वारा सञ्चालन गरिनेछ । THL ले परियोजनाको प्रभाव निर्धारण गर्ने प्रक्रिया उपयुक्त सामुदायिक सहभागितामा गरिएको कुरा सुनिश्चित गर्न प्रतिबद्ध छ । यसका साथै, 2.6 अन्तर्गत उल्लिखित अध्ययनहरूले मध्यवर्ती क्षेत्रका यी सरोकारहरूलाई थप सम्बोधन गर्नेछ । यदि राम्रोसँग कार्यान्वयन भएमा, सांस्कृतिक प्रभाव मूल्याङ्कनले कम्तीमा आंशिक रूपमा 5 नम्बरको आरोप अन्तर्गतका सरोकारहरूलाई सम्बोधन गर्नेछ । सांस्कृतिक प्रभाव मूल्याङ्कनको दायराको साथै मध्यवर्ती क्षेत्र सम्बन्धी सर्वेक्षण, मूल्याङ्कन र कार्यहरू सम्पूर्ण परियोजना सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्नको लागि हो । पूर्ण र सांस्कृतिक रूपमा उपयुक्त कार्यान्वयनलाई जिम्मेवार EIB सेवाहरूद्वारा नजिकबाट अनुगमन गर्नुपर्ने हुन्छ ।

3.4 अपर्याप्त गुनासो निवारण संयन्त्र (आरोप 4) : माथि व्याख्या गरिएका नियमित बैठकहरूमा, समुदायहरूले गुनासो निवारण संयन्त्रका गतिविधिहरूको बारेमा जानकारी पनि प्राप्त गर्नेछन् । मध्यम अवधिमा सञ्चालित हुने सांस्कृतिक प्रभाव मूल्याङ्कनले अधिक  वृहत् सहभागिता र सांस्कृतिक रूपमा उपयुक्त र लैङ्गिक समावेशी प्रक्रिया सुनिश्चित गर्नको लागि परियोजना सूचना केन्द्रहरू र स्थानीय परामर्शदाता मञ्चको भूमिकाको पुनर्मूल्याङ्कन गर्नेछ । छोटो अवधिमा सहभागितामा सुधार गर्नको लागि, THL ले स्थानीय परामर्श मञ्च समितिलाई अर्को बैठकमा उजुरीकर्ताहरूको 2 जना

प्रतिनिधिहरूलाई आमन्त्रित गर्न आग्रह गरेको छ ।

3.5 उजुरी प्रक्रियाको यो प्रारम्भिक चरणमा उजुरीकर्ताहरू र तिनीहरूका सल्लाहकारहरू, प्रवर्द्धकहरू र ADB परियोजना टोलीद्वारा प्रदर्शन गरिएको पर्याप्त प्रयास र संलग्न हुन इच्छुक हुनुको परिणाम स्वरूप, EIB-CM ले माथि उल्लेखित उपायहरुद्वारा प्रारम्भिक मूल्याङ्कनको क्रममा 1, 2, 4 र 5 का आरोपहरूलाई सम्बोधन गरेको ठानेको छ ।

3.6 EIB-CM ले २० अप्रिल २०२२ का दिन उजुरीकर्ताहरूद्वारा उपलब्ध गराइएका सहमत कार्यहरूको सूचीको प्रतिक्रिया प्राप्त गर्यो, जसमा उनीहरूले सूचीबद्ध गरिएका केहि कार्य बुँदाहरू बारे आफ्नो चासोका साथसाथै अपेक्षा/अनुरोधहरू व्यक्त गरेकाछन्। EIB-CM सहमत कार्यसूचीमा समावेश विभिन्न चरणहरूलाई उचित रूपमा कार्यान्वयन गरेपछि मात्र उजुरीकर्ताहरु सन्तुष्ट हुनसक्नेछन् भनेर स्वीकार गर्दछ । त्यसैले EIB-CM ले ADB सँग नजिकको सहकार्यमा सहमत भएका कार्यहरूको सूचीको कार्यान्वयनको अनुगमन गर्नेछ ।

3.7 आरोप 3 (क्षतिपूर्तिको अभाव) को सन्दर्भमा , EIB-CM ले जलाशय क्षेत्र भित्र स्थित भूमि र जलाशय क्षेत्र बाहिर स्थित भूमि (र त्यसैले सम्भावित रूपमा मध्यवर्ती क्षेत्रमा) को सन्दर्भमा लगाइएका आरोपहरू बीचको भिन्नता कायम गरेको छ ।

3.8 मध्यवर्ती क्षेत्रबाट (सम्भावित रूपमा) प्रभावित मानिसहरूका लागि क्षतिपूर्तिको अभाव : जनगणना र सामाजिक-आर्थिक सर्वेक्षण, मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना, पुनर्वास कार्य योजना र जीविकोपार्जन पुनर्स्थापना योजना सहित पूर्ण रूपमा एउटा नयाँ पुनर्वास योजना विकास गर्न आवश्यक छ । जिम्मेवार EIB सेवाहरूले यो प्रक्रियाको अनुपालन र EIB वातावरणीय र सामाजिक मापदण्डहरूसँग यसको नतिजाहरूलाई नजिकबाट अनुगमन गर्नु पर्नेछ । EIB-CM ले बस्ती, कृषि भूमि, चरन भूमि, वनको क्षेत्र र जीविकोपार्जन उद्देश्यका लागि प्रयोग हुने अन्य क्षेत्रहरू गुमाउने गैर-शीर्षक र सामुदायिक भूमि प्रयोगकर्ताहरूलाई ध्यान दिनुपर्ने विशेष महत्त्वलाई उजागर गर्न चाहन्छ । साथै, EIB-CM ले EIB मापदण्डहरूको अनुपालनलाई सुनिश्चित गर्नको लागि क्षमता निर्माण र मार्गनिर्देशन प्रदान गरेर प्रवर्द्धकलाई प्रक्रियामा सहयोग गर्ने आवश्यकताको लागि EIB सेवाहरूको ध्यान खिंच्छ । दुर्भाग्यवश, परियोजनामा भएको उल्लेखनीय ढिलाइले धेरै अनिश्चितता निम्त्याएको छ र मध्यवर्ती क्षेत्रको निर्धारणमा ढिलाईले समुदायहरूमा नकारात्मक प्रभाव बढाउन सक्छ ।

3.9 जलाशय क्षेत्रमा  ऐलानी जग्गा र सामुदायिक जग्गा प्रयोगकर्ताहरूको लागि क्षतिपूर्तिको अभाव : EIB-CM ले उजुरीको यो पक्षको लागि एउटा सहकार्यात्मक समाधान प्रक्रिया प्रस्ताव गर्दछ । EIB-CM द्वारा प्राप्त जानकारी अनुसार, जलाशय क्षेत्रद्वारा प्रभावित भए तापनि जलाशय क्षेत्रमा गरिएको सामाजिक-आर्थिक घरधुरी सर्वेक्षणमा उजुरीकर्ताहरूलाई समावेश गरिएको थिएन । EIB-CM ले जलाशय क्षेत्रको ऐलानी जग्गा  र सामुदायिक जग्गाको मुआब्जाको सम्बन्धमा उठाइएका सरोकारहरूलाई सम्बोधन गर्नको लागि EIB-CM र स्थानीय सहजकर्ता र अनुवादकको सहयोगमा आयोजन र सहयोग गरि संवाद प्रक्रिया मार्फत सहकार्यात्मक रूपले सम्बोधन गर्न आमन्त्रित गर्दछ ।

3.10 यदि दुबै पक्षहरू सहकार्यात्मक समाधान प्रक्रियामा सहभागी हुन सहमत भएमा, तयारी चरणमा थप सरोकारवालाहरूको सहभागिताको बारेमा छलफल गरिनेछ र सरोकारवालाहरूबाट सहमति खोजिनेछ । EIB-CM ले स्पष्ट रूपमा EIB सेवाहरू र विशेष गरि सामाजिक विज्ञहरूलाई प्रवर्द्धकलाई मार्गनिर्देशन प्रदान गर्न र उजुरीकर्ताहरूलाई अनुबंधनात्मक रूपमा लागू EIB वातावरणीय र सामाजिक मापदण्डहरू ऐलानी जग्गा र परम्परागत स्रोतहरूको आर्थिक क्षतिको लागि

क्षतिपूर्ति प्राप्त गर्ने कुरा सुनिश्चित गर्न प्रक्रियामा भाग लिनको लागि आमन्त्रित गर्दछ ।

3.11 यो प्रतिवेदन पेश गर्दा, उजुरीकर्ताहरू र THL लाई ऐलानी जग्गा र परम्परागत स्रोतहरूको आर्थिक नोक्सानको क्षतिपूर्तिको सम्बन्धमा उजुरीकर्ताहरूले प्रस्तुत गरेका मुद्दाहरूमा आपसी रूपमा स्वीकार्य समाधान खोज्नको लागि सहयोगी समाधान प्रक्रियामा संलग्न हुन तिनीहरूको इच्छाको पुष्टि गर्न अनुरोध गरिन्छ ।

3.12 प्रस्तावित आगामी कदममा उजुरीकर्ताहरू र प्रवर्द्धकहरूबाट टिप्पणीहरू प्राप्त गरेपछि, EIB-CM ले सहकार्यात्मक समाधान प्रक्रिया प्रारम्भ गर्न सहमति छ कि छैन भनेर निर्णय गर्नेछ । यस्तो सम्झौताको अनुपस्थितिमा वा यदि सहकार्यात्मक समाधान प्रक्रिया असफल भएमा, जलाशय क्षेत्रमा गैर-शीर्षक र सामुदायिक भूमि प्रयोगकर्ताहरूको लागि क्षतिपूर्तिको अभाव EIB-CM द्वारा अनुपालन समीक्षाको अधीनमा हुनेछ ।

परिशिष्ट 1: सहमत भएका कार्यहरू

EIB-CM बाट व्याख्यात्मक टिप्पणी : कागजातमा उल्लेख गरिएको संक्षिप्त नाम “THP” EIB-CM को रिपोर्टहरूमा प्रयोग गरिएको संक्षिप्त नाम “THL” अनुरुप छ।

सहमत कार्य

तनहुँ हाइड्रोपावर लि.को दलित र मगर गुनासोकर्ताहरुसँगको प्रतिबद्धता

फेब्रुअरी २०२२

| सि नं. | सहमत कार्य | समय सीमा | टिप्पणी |
|---|---|---|---|
| १. | कम्पनी-समुदाय चेक इन (आगमन) आयोजन गर्ने | मार्च २०२२ (चैत २०७८ भित्रमा) मा सुरु हुने छ। प्रत्येक दुई महिनाको अन्तरालमा जनवरी २०२३ सम्म ( २०७९माघसम्म) अन्तरालका विषयमा आपसी सहमति गर्न सकिने छ। | प्रत्येक दुई महिनामा एकजना जनसम्पर्क अधिकृत [redacted] ले ऋषिङ-पाटनमा रहेको आयोजना सूचना केन्द्रको भ्रमण गरी सूचना केन्द्रका कर्मचारी र समुदायका प्रतिनिधिहरूसँग भेट गरी आयोजनाको अद्यावधिक सूचनाहरू उपलब्ध गराउने छन्। आयोजना सूचना केन्द्रका कर्मचारीहरूले ऋषिङ-पाटन/जलबिरे क्षेत्रमा भेला आयोजना गरी सूचनाहरू समुदायहरूलाई जानकारी गराउने छन्। |
| | अद्यावधिक विवरणहरू लिखित रूपमा (नेपालीमा) तयार गरी तिनीहरूलाई मौखिक रूपमा जानकारी गराइने छ \| | मार्च २०२२ पछि (चैत २०७८ पछि) | तनहुँ हाइड्रोपावर लि.ले प्रत्येक परामर्श बैठकमा न्युजलेटर सहित आयोजनाको अवस्थाको जानकारी गराउने छ। |
| १. A | मगर भाषाको योग्य सहजकर्ताको सहभागिता। | मे २०२२ पछि (जेठ २०७९ पछि) | तनहुँ हाइड्रोपावर लि.मा मे २०२२ (जेठ २०७९ पछि) दोस्रो सामुदायिक परामर्श देखि एकजना व्यक्ति हुने लक्ष्य लिएको छ। कम्पनीले एकजना समर्पित सामुदायिक सहजकर्ताको खोजी गर्ने छ तथापि अनुभवका आधारमा उपयुक्त व्यक्ति पाउन कठिन देखिएको छ। |
| १.B | दक्ष र अदक्ष श्रमिकको अवसरको अद्यावधिक विवरण उपलब्ध गराउने | अप्रिल २०२२ पछि (चैत २०७८ पछि) | तनहुँ हाइड्रोपावर लि. निर्माण क्षेत्रमा आवश्यक पर्ने र प्रभावित क्षेत्रबाट काममा लगाउन सकिने दक्ष र अदक्ष श्रमिकको ६ महिनाको जनशक्ति योजना उपलब्ध गराउने छ। |

| | | | |
|---|---|---|---|
| १.C | पूर्ण आपूर्ति तह (फुल सप्लाइ लेभल) को सीमांकनको योजना, खरिद तथा कार्यान्वयनका विषयमा भएका अद्यावधिक विवरण जानकारी गराउने | मार्च २०२२ पछि (चैत २०७८ पछि ) | हालको अवस्था यो छ कि एउटा कार्यसूचीको मस्यौदा तयारी गरी परामर्शदाताबाट स्वीकृतिका लागि पेश भएको छ। सो कार्य क्षेत्र तथा विधिको अद्यावधिक विवरण मे २०२२ मा (जेठ २०७९ भित्र)समुदायको सदस्यहरूसँग परामर्श बैठकमा उपलब्ध गराइने छ। |
| १.D | सामुदायिक विकास कार्यक्रमका क्रियाकलापहरू बारे अद्यावधिक जानकारी उपलब्ध गराउने तथा AP हरूले लाभ उठाएको निश्चित गर्न मद्दत गर्ने | मार्च २०२२ पछि (चैत २०७८ पछि ) | सामुदायिक विकास कार्यक्रम आयोजनाको सम्पूर्ण क्षेत्रमा सञ्चालित छ। आयोजनाका प्रतिनिधिहरूको स्थलगत भ्रमण तथा स्थानीय समुदायको माग अनुसार वान्टाङीटार र जलबिरे क्षेत्रका खानेपानी तथा फेदी खोलामा अस्थायी फडके पुल जीर्णोद्धार कार्य अगाडि बढाइएको छ। |
| १.E | स्थानीय परामर्श मञ्चका क्रियाकलापहरू र मगर समुदायको प्रतिनिधित्व बारे अद्यावधिक जानकारी उपलब्ध गराउने। | मार्च २०२२ पछि (चैत २०७८ पछि ) | स्थानीय परामर्श मञ्चका क्रियाकलपाहरूबारे अद्यावधिक विवरणहरू समुदायसँगको नियमित अद्यावधिकको दौरानमा सूचित गरिने छ |
| | पाँच एम्पायर मिटर राखेका घरायसी ग्राहकले २० युनिटसम्म निःशुल्क (न्युनतम ३० रुपैयाँ तिर्नु पर्ने) विद्युत् पाउने सुविधा प्राप्त गर्न सहयोग बारे। | मार्च २०२२ पछि (चैत २०७८ पछि ) | फिल्ड टोलीलाई अनुरोध प्राप्त गर्ने र पिएमयुलाई यी अनुरोधहरूबारे रिपोर्ट गर्ने तिनीहरूको उत्तरदायित्वबारे निर्देशन दिइने छ |
| १.F | परामर्शका क्रममा उठेका प्रश्न र त्यसउपर तनहुँ हाइड्रोपावर लि.ले दिएका जवाफको रेकर्ड राखिनु पर्ने । | मार्च २०२२ पछि (चैत २०७८ पछि ) | प्रत्येक बैठक तथा छलफलको रेकर्ड राखिने छ (शिर्षक सहमति आदिबारे १ देखि २ पृष्ठ) |
| २. | सामुदायिक विकास आधारभूत सर्वेक्षण विस्तार गर्ने। | मार्च २०२२ पछि (चैत २०७८ पछि ) | जलबिरे र वान्टाङीटारका समुदायहरूको आधारभूत तथ्याङ्क-संकलन सर्भेक्षणमा समेटन आगामी महिनाबाट आधारभूत सर्भेक्षण क्रियाकलाप गरिने छ। तनहुँ हाइड्रोपावर लि.र एसियाली विकास बैकका प्रतिनिधिहरूसँगको परामर्श बैठकमा समुदायहरूले राखेको (खानेपानी, फड्के पुलको पुनर्स्थापना) मागलाई सम्बोधन गर्न आयोजनाले टोली खटाइ सकेको छ। |
| ३. | स्थानीय परामर्श मञ्चको बैठकमा मगर समुदायलाई सहभागी गराउन तनहुँ हाइड्रोपावर लि. ले अनुरोध गर्न पर्ने। | मार्च २०२२ पछि (चैत २०७८ पछि ) | आउँदो स्थानीय परामर्श मञ्चको बैठकमा [redacted] लाई पर्यवेक्षकको रूपमा बोलाइने छ । बैठक बस्ने दिनको बारेमा अग्रिम जानकारी दिइने छ। |
| ४. | सांस्कृतिक प्रभाव मूल्याङ्कन (सांस्कृतिक, प्राकृतिक तथा | अप्रिल २०२२ पछि (चैत २०७८ पछि ) | चैत २०७८ भित्र मस्यौदा कार्यविधि उपलब्ध गराउने लक्ष्य राखिएको छ। |

| | | | |
|---|---|---|---|
| | जीविकोपार्जन) को मस्यौदा विधि सार्वजनिक गर्ने | | |
| ४.A | प्रभाव मूल्याङ्कन गर्न   आदिवासी जनजाति प्रति संवेदनशील भएका विज्ञका लागि कार्यसूची सुनिश्चित गरिनु पर्ने । | | सहमती भएको छ; यसलाई मस्यौदा कार्यविधिमा समावेश गरिने छ \| |
| ४.B | आयोजनाको जोखिम तथा प्रभाव निर्धारणमा समुदायको सहभागिताका लागि सहभागितामूलक प्रक्रिया सुनिश्चित गरिनु पर्ने । | | सहमती भएको छ;यसलाई मस्यौदा कार्यविधिमा समावेश गरिने छ \| |
| ५. | समुदायको खानेपानी पहुँचको सहजताको निर्धारणका लागि टिम परिचालन गर्नु पर्ने । | सम्पन्न | प्रारम्भिक छानबिनको लागि जलबीरेमा भ्रमण गरि सकिएको छ । |
| ६. | शव दाह र संस्कारको लागि आयोजनाको डुवान क्षेत्रमा पहुँच पाउने प्रभावितहरूको अधिकार सुनिश्चित गरिने विश्वास तयार गरिनु पर्ने । | मार्च २०२२  (प्रारम्भिक जवाफका लागि २०७८,चैत) | वर्षको कुनै निश्चित समयमा डुवान क्षेत्रको केही क्षेत्र भ्रमण गर्न सुरक्षित हुँदैन । पूर्ण आपूर्ति तह (फुल सप्लाई लेभल)को सीमाङ्कन तथा मध्यवर्ती क्षेत्र (बफर जोन)को अध्ययन सम्पन्न भएपछि यस्ता क्षेत्रहरूको पहिचान गरिने छ । |
| ७. | आयोजनाको वन व्यवस्थापन योजना तथा अन्य सम्बन्धित वातावरणीय व्यवस्थापन योजनाहरूबारेमा सूचनाहरू तयार गरिनु पर्ने । | अप्रिल/मे २०२२ (२०७८ चैत/ २०७९ जेठ) | वातावरणीय अध्ययनका नतिजाहरूस्थानीय खपत हुने ढाँचामा सारांश तयार गरिनेछ र समुदायलाई मौखिक रूपमा प्रस्तुत गरिनेछ । परामर्श मार्फत मौसमी भिन्नता तथा त्यसबाट हुन सक्ने सम्भावित जोखिमका बारेमा प्रस्ट पारिने छ । |
| 8. | मध्यवर्ती क्षेत्र (बफर जोन) पहिचानको प्रक्रियाको अवस्थाको अद्यावधिक विवरण उपलब्ध गराउनु पर्ने । बफर जोनको अध्ययनमा मौसमी भिन्नतालाई कसरी समेटिन्छ प्रस्ट पारिनु पर्ने | मार्च २०२२ पछि (चैत २०७८ पछि) | अध्ययन अवस्थाको अद्यावधिक विवरण नियमित परामर्श तथा छलफलहरूमा उपलब्ध गराइने छ । आयोजनाको वातावरणीय तथा सामाजिक सेवा प्रदायक परामर्शदाताले परिमार्जित प्रस्ताव पेश गरेको छ र समुदायका प्रतिनिधिहरूसँग गरिने परामर्शको प्रक्रिया (सबै समुदायसँग स्थानीय परामर्श मञ्च मार्फत तर जलविरे तथा वान्टाङीटार क्षेत्रमा विशेष भ्रमणमार्फत) समावेश गरेको छ ।<br>तनहुँ जलविद्युत आयोजनाले मगर भाषी सहजकर्तालाई समेत त्यस समूहमा सहभागी गराउने छ । |